# पैयूँ गाउँपालिका
## गाउँ कार्यपालिक बैठक

आ.ब.२०८०/०८१ बैठक क्र.स.०८

सम्बत २०८०/१०/२०

आज मिति २०८०/१०/२० गते पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम थर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | |
| | श्री याम कुमारी राना | उपाध्यक्ष | उपाध्यक्ष | |
| २ | श्री मिन प्रसाद न्यौपाने | वडा नं १ वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री नरभुपाल काफ्ले | वडा नं २ वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री चन्द्र बहादुर थापा | वडा नं ३ वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री टुकलाल न्यौपाने | वडा नं ४ वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री नारायण भुर्तेल | वडा नं ५ वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री गंगाधर अधिकारि | वडा नं ६ वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री तोयानाथ शर्मा | वडा नं ७ वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री मिठु क्षेत्री | ३ नं वडा महिला सदस्य | सदस्य | |
| १० | श्री चन्द्रकला न्यौपाने | ६ नं वडा महिला सदस्य | सदस्य | |
| ११ | श्री सर्मिला नेपाली | ४ नं वडा महिला सदस्य | सदस्य | |
| १२ | श्री उमादेवी वि.क. | ५ नं वडा महिला सदस्य | सदस्य | |
| १३ | श्री फुलमाया सुनार | दलित सदस्य | सदस्य | |
| १४ | श्री ववित हिताङ्ग | दलित सदस्य | सदस्य | |
| १५ | श्री राजिव रिमाल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव | |
| १६ | सरोज पराजुली | लेखा अधिकृत | ले. अ. | |
| १७ | श्री अनिल कमल न्यौपाने | ईन्जिनियर | ई. | |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्बत् २०८०/१०/२० गते आ.ब.२०८०/०८१ बैठक क्र.स.०८

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णयहरु:**

१ आर्थिक वर्ष ३०८०/०८१ मा कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृतबाट पेश भएको कार्यान्वयन प्रतिवेदन **अनुसुची १** उपर समिक्षा गरि कार्यान्वयन हुन नसकेका निर्णयहरु कार्यान्वयन गर्न सहजिकरण गर्ने ।

२ संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को प्राप्ताङ्क ७२.५० र स्थानिय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) को प्राप्ताङ्क ७५ लाई अनुमोदन गर्ने ।

३ सामुदायिक विद्यालयका १ कक्षा देखी ६ कक्षा सम्मका विद्यार्थीहरुलाई दिवा खाजा दिने गरेकोमा आर्थिक वर्ष २०८०/०८१ मा संघीय सशर्त अनुदानमा कक्षा १ देखी कक्षा ५ सम्मलाई मात्र दिवा खाजा उपलब्ध गराउने ब्यबस्था गरेको हुँदा कक्षा ६ मा अध्यन गर्ने विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु १५ (पन्ध्र मात्र) उपलब्ध गराउने ।

४ राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्ताव माग गरेकोमा समपुरक र विषेश अनुदान अन्तरगत तपसिल बमोजिमका योजना / कार्यक्रमका संचालन गर्न प्रस्ताव माग गर्ने ।

**तपसिल**

**समपुरक अनुदान संघतर्फ**

१ ठुलिवेसी भर्मा कुभिण्डे घुम्सुङ्ग हुँदै पर्यटकिय स्थल न्यौपानेगाउँ जाने सडक पैयूँ -२ पर्वत
२ भोर्ले ग्यामी हाँडिखर्क मुसुरवारी हिरुखर्क सरौखोला सडक पैयूँ -७ पर्वत
३ बेसीथोक डाँडाथोक दुग्लुङ् पोखरा मैदान शिब्दीखोला सडक पैयूँ -३ पर्वत
४ हातेमालो चोक सौरीकोट धरादी सडक पैयूँ -४ पर्वत
५ चिसापानी देउराली छहरे सडक पैयूँ -५ पर्वत

**विशेष अनुदान संघतर्फ**

१ फोहरमैला व्यबस्थापन परियोजना पैयूँ- ५ पर्वत
२ छिच्याउँदी झरना चालालुङ गुफा मुसुरवारी कालिका मन्दिर पैयूँ ६,७
३ वेउलिवास दलित बस्ती खानेपानी आयोजना पैयूँ -३ पर्वत
४ जैविरे साधने सित्ले बाहुनडाँडा पदमार्ग
५ प्राविधिक शिक्षालय पैयूँ पर्वत ।

**समपुरक अनुदान प्रदेशतर्फ**

१ सरौखोला सिरवानी हाँडीखर्क ग्यामी भोर्ले सडक पैयूँ - ६,७ पर्वत
२ मर्दिखोला बजार भित्री बाटो पैयूँ -४ पर्वत
३ अर्थुन टकलाक सिँगारकोष रातोपुल सडक पैयूँ १ पर्वत

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

४ बगर नायसाहेव डाँडाथोक दुग्लुङ् पोखरा सडक पैयूँ -३ पर्वत

५ बयरघारी ठुली भञ्ज्याङ्ग चौपारीडाँडा हिले भोर्ले सडक पैयूँ -७

**विशेष अनुदान प्रदेशतर्फ**

१ गल्छिना धरम्पानी पैयूँकोट पदमार्ग पैयूँ -४

२ छहरे झरना पैयूँ -५

३ विपन्न दलित गर्भवती / सुत्करी महिला तथा शिशु पोषण कार्यक्रम

४ सामुदायिक विद्यालयमा प्रविधि हस्तानान्तरण

५ स्थानिय पाठ्य पुस्तक निर्माणको लागि आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यक्रममा रु ५ लाख विनियोजन भएकोमा पाठ्यपुस्तक लेखनको लागि तयार गरेको लागत अनुमान रु १४९६६०७।८४ प्राप्त भएकोमा उक्त लागत अनुमान स्विकृत गरि नपुग रकम रु. १० लाख **मागमा आधारित** शिर्षकबाट ब्ययभार हुने गरि बजेट सुनिश्चितता गर्ने तथा स्थानिय पाठ्यपुस्तक लेखनको **अनुसुची २** बमोजिमको कार्यशर्त पारित गर्ने ।

६ गण्डकी प्रदेश प्रतिष्ठानबाट विनियोजित बजेटबाट तयार गरिने पैयूँ गाउँपालिकाको **आवधिक विकास योजना (आ.ब.२०८१/०८२ देखी २०८५/०८६)** तर्जुमा गर्ने परामर्शदाताको लागि तयार गरिएको कार्यशर्त **अनुसुची ३** स्विकृत गर्ने ।

७ स्थानिय सेवा गठन तथा संचालन ऐन, २०७९ को दफा २७ बमोजिम तहवृद्धी सम्बन्धी मिति २०८०/०९/२३ गतेको सुचना बमोजिम दर्ता हुन आएको पैयूँ आयुर्वेद औषधालयमा कार्यरत कविराज निरिक्षक (छैठौ) श्री दिनेश आले (क.स.नं १८६७९६) लाई वरिष्ठ कविराज निरिक्षक (सातौ) तहमा तहवृद्धी गर्ने ।

८ वडा सचिव तथा गाउँ कार्यपालिकाको कार्यालयका कार्यालयको सहयोगी हरुलाई प्रदान गर्दै आएको प्रोत्साहन भत्ता प्रति महिना जनही रु.२०००।०० (अक्षेरेपी दुई हजार मात्र) लाई निरन्तरता दिने ।

९ एक विद्यालय एक करेसावारी कार्यक्रम संचालन कार्यविधी – २०८० स्विकृत गर्ने ।

१० भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्वतको आयोजना तथा पैयूँ गाउँपालिकाको सहजिकरणमा हातेमालो चोकमा संचालन हुने २ दिने कुकुरको बन्ध्यकरण शिविरमा खटिइ आउने विज्ञहरुको खाना तथा बासको प्रबन्ध पैयूँ गाउँपालिकाले गर्ने ।

११ सडक बोर्ड नेपालले स्थानिय सडक मर्मत संभार कार्यको लागि आर्थिक वर्ष २०८०/०८१ मा पैयूँ गाउँपालिकाको लागि १५,००,०००।०० (पन्ध्र लाख मात्र ) विनियोजन गरेकोले सडक बोर्ट नियमावली २०६० को परिच्छेद ( ३) नियम (९) बमोजिम स्थानिय तहले ब्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund)

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

२०% ले हुन आउने रकम रु ३,७५,०००।०० (अक्षेरेपी तिन लाख पचहत्तर हजार मात्र) **मागमा आधारित** शिर्षकबाट विनियोजन गर्ने ।

१२ स्वास्थ्य चौकीहरुको Degitization गर्न आवश्यक ५ थान Laptop र ५ थान Tablet खरिद गर्ने ।

१३ तपसिल बमोजिमका रोगिहरुलाई निम्नबमोजिमको उपचार खर्च उपलब्ध गराउने ।

**तपसिल**

| क्र.स. | विरामीको नाम थर | वडा नं | रोगको किसिम | उपचार सहायता रकम रु |
|---|---|---|---|---|
| १ | हिमलाल भुसाल | ५ | दुर्घटनामा परि जटिल शल्यक्रिया | ४० हजार |
| २ | निसान श्रेष्ठ | ४ | मेरुदण्ड सम्बन्धी रोग | ४० हजार |
| ३ | भोजराज भण्डारी | ६ | मृगौला रोगी | २५ हजार |
| ४ | आरुश थापा | ३ | Thalasemia | २५ हजार |
| ५ | रमेश नेपाली | ७ | मुटु रोगी | २५ हजार |
| ६ | सन्तोष वि.क. | ७ | मृगौला रोगी | २५ हजार |
| ७ | नैनादेवी न्यौपाने | १ | मुटु रोगी | २५ हजार |

१४ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा जिल्लामा सहभागिता जनाउन जाँदाको तपसिल बमोजिमको खर्च

**तपसिल**

**गाउँपालिकामा कार्यक्रम गर्दाको खर्च**

| क्र.स. | खर्चको विवरण | रकम रु. |
|---|---|---|
| १ | प्रति विद्यार्थी रु ५० का दरले विद्यालयलाई खाजा खर्च | ६२०००।०० |
| २ | Sound System तथा स्टेज व्यवस्थापन | ३२५००।०० |
| ३ | रेफ्री तथा सहायक रेफ्री लाईन्समेन पारिश्रमिक | ४२५००।०० |
| ४ | वालुवा ढुवानी सहित | १४०००।०० |
| ५ | कर्मचारी तथा पदाधिकारि खाजा खाना | ८२६७५।०० |
| ६ | जर्सी शिल्ड मेडल तथा खेल सामाग्री | ११९४८४।०० |
| ७ | ब्यानर | ७०५०।०० |
| ८ | समितिका पदाधिकारीको भत्ता | ४५०००।०० |
| ९ | सवारी साधनको भाडा | २२०००।०० |
| १० | मेडिकल | १४९७१।०० |
| | **जम्मा** | **४४२१८०।००** |

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्बत् २०८०/१०/२० गते आ.ब.२०८०/०८१ बैठक क्र.स.०८

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**कुश्मा कार्यक्रममा सहभगिता जनाउँदाको खर्च**

| क्र.स. | खर्चको विवरण | रकम रु |
|---|---|---|
| १ | जर्सी तथा ट्र्याक सुट | १०४४५०।०० |
| २ | होटल बास / खाना / खाजा | २७६३७५।०० |
| ३ | सवारी साधन भाडा | ७५०००।०० |
| | मेडिकल | १४६०।०० |
| | **जम्मा** | **४०७२८५।००** |

माथि उल्लेख भए बमोजिमको खर्च युवा तथा खेलकुद शिर्षकको बजेटबाट भुक्तानी गर्न नपुग हुने हुँदा नपुग रकम अध्यक्ष / उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने ।

१५ ईलाका प्रशासन कार्यालय हुवास पर्वतको हालको कार्यालय वडा नं ४ मा भाडामा रहेको र उक्त कार्यालयलाई आफ्नै भवन निर्माण गर्न पैयूँ गाउँपालिका वडा नं ४ भित्र निशुल्क जग्गा न्युनतम १ रोपनी (बाटो छाडेर) उपलब्ध गराउन आह्वान गरेकोमा ३ स्थानमा जग्गा निशुल्क उपलब्ध गराउन जग्गा दाताहरु तयार भएकोमा वडा नं ४ आले चोक स्थित तपसिल बमोजिमको जग्गा उपयुक्त रहेको ब्यहोरा जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने

**तपसिल**

| क्र.स. | कित्ता नं | जग्गा धनीको नाम थर | साविक गा.वि.स. |
|---|---|---|---|
| १ | ११ | गौरी आले | हुवास -७ |
| २ | १२ | प्रेम बहादुर आले | हुवास -७ |
| ३ | १३ | अमृत बहादुर आले | हुवास -७ |
| ४ | १५ | कमल कुमारी आले | हुवास -७ |

तोरण मल्ल ठकुरी
अध्यक्ष